# पहिलो अध्याय

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोध प्रबन्धको शीर्षक 'सानुभाइ शर्माका गद्यरचनामा व्यङ्ग्य चेतना' रहेको छ।

## १.२ शोध परिचय

विविध विधामा प्रयोग हुने हास्यव्यङ्ग्य शैलीले समाजमा व्याप्त कुरीति, कुसंस्कार, विकृति एवम् विसङ्गतिलाई लक्ष्य गर्दै सुधारको अपेक्षा गर्ने गर्छ। बिसौँ शताब्दी अन्तर्गत साठीको दशकदेखि विविध विधामा कलम चलाउने सानुभाइ शर्माले हास्यव्यङ्ग्य शैलीका माध्यमबाट समाजमा व्याप्त विकृति एवम् विसङ्गतिको उद्घाटन गरेका छन्। उनका कथा, निबन्ध एवम् नाटकले सामाजिक परिवेशमा सृजित नकारात्मकतालाई प्रष्फुटित पारेका छन्। उनका अद्यतन सात कृतिहरू— **ऊ हाँसेको दिन, यात्रा संस्मरण, भालुलाई पुराण, हाते चिट्ठी, अवकाशको क्षण, पल्टने मीतबाबु** र **चिन्न नसकिएको मान्छे** प्रकाशित रहेका पाइन्छन्। प्रस्तुत शोध प्रबन्धमा उक्त सात कृतिहरूमा सङ्कलित गद्य रचनाहरूमा सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, धार्मिक, प्रशासनिक आदि क्षेत्रमा प्रयुक्त व्यङ्ग्यको विवेचन र विश्लेषण गरिएको छ।

सानुभाइ शर्माका कृतिहरूमा हास्यव्यङ्ग्य शैलीको प्रशस्त प्रयोग भएको छ। विभिन्न विधामा कलम चलाएका शर्माको वैशिष्ट्य हास्यव्यङ्ग्य लेखनमा रहेको देखिन्छ। यसर्थ प्रस्तावित शोध प्रबन्धमा सानुभाइ शर्माका गद्य रचनामा अन्तर्निहित व्यङ्ग्य चेतनाको विस्तृत अध्ययन गरिएको छ। प्रस्तुत शोध प्रबन्ध पाँच अध्यायमा विभाजन गरिएको छ। प्रथम अध्यायमा शोधको परिचय, दोस्रो अध्यायमा हास्यव्यङ्ग्यको सैद्धान्तिक आधार, तेस्रो अध्यायमा सानुभाइ शर्माको व्यक्तित्व र कृतित्व, चौथो अध्यायमा सानुभाइ शर्माका गद्य रचनामा व्यङ्ग्य चेतनाको विश्लेषणात्मक अध्ययन, पाँचौँ अध्यायमा उपसंहार र निष्कर्ष राखिएको छ। अन्तमा सन्दर्भ कृति सूची राखिएको छ।

## १.३ शोध प्रयोजन

प्रस्तुत शोधकार्य उत्तरबङ्ग विश्वविद्यालयको कला, वाणिज्य एवम् ऐन सङ्कायअन्तर्गत नेपाली विभागबाट प्रदान गरिने विद्यावारिधि उपाधिका निम्ति प्रयोजनीय रहेको छ। यस शोधकार्यले सानुभाइ शर्माका विभिन्न गद्य कृतिहरूमा प्रकाशित व्यङ्ग्य रचनाहरूको अध्ययन गर्ने प्रयोजन राखेको छ।

## १.४ समस्या कथन

नेपाली हास्यव्यङ्ग्यकार सानुभाई शर्माका सातवटा कृतिहरू प्रकाशित भएका छन्। उनका व्यक्तित्व एवम् गद्य रचनामा लक्षित हास्यव्यङ्ग्य रचनाहरू सम्बन्धी छुटपुट चर्चा भए तापनि गहन अध्ययन भएको पाइँदैन। यस शोधकार्यमा उनका हास्यव्यङ्ग्यात्मक कृतिहरूमा केन्द्रित रही निम्न समस्याहरूको उठान गरिएको छ—

क) हास्यव्यङ्ग्यको सैद्धान्तिक विकास कसरी भएको छ?

ख) सानुभाइ शर्माका गद्य रचनाहरूले कुन-कुन विषय, क्षेत्र र समस्यामा केन्द्रित भइ व्यङ्ग्यात्मक प्रहार गरेका छन्?

ग) सानुभाइ शर्माका रचनामा हास्य सृजनाका निम्ति प्रयुक्त विषयवस्तुहरू के-कस्ता छन्?

घ) सानुभाइ शर्माका हास्यव्यङ्ग्य गद्य रचनाका आधारहरू के-कस्ता छन्?

ङ) नेपाली हास्यव्यङ्ग्य लेखन परम्परामा सानुभाइ शर्माको स्थान निर्धारण गर्ने कसी के हो?

## १.५ उद्देश्य

सानुभाइ शर्माका गद्य रचनालाई मूल समस्या मानी अध्ययन गरिने यस शोधकार्यका उद्देश्यहरू निम्न रहेका छन्—

क) हास्यव्यङ्ग्यको सैद्धान्तिक आधार प्रस्तुत गर्नु।

ख) सानुभाइ शर्माका हास्यव्यङ्ग्य रचनाहरूले समेटेका विषय, क्षेत्र र समस्या पहिल्याउनु।

ग) सानुभाइ शर्माका रचनामा हास्य सृजनाका प्रकार र प्रयुक्ति केलाउनु।

घ) सानुभाइ शर्माका गद्य रचनामा हास्यव्यङ्ग्यात्मक आधारहरूको खोजी गर्नु।

ङ) नेपाली हास्यव्यङ्ग्य परम्परामा सानुभाइ शर्माको स्थान निर्धारण गर्नु।

च) शोधकार्य सफलतापूर्वक समाप्त गरी उत्तर बङ्ग विश्वविद्यालयबाट विद्यावारिधि (पिएचडी) उपाधि प्राप्त गर्नु।

## १.६ पूर्वकार्यको सर्वेक्षण

विद्यार्थी कालदेखि नै साहित्यमा रुचि भएका शर्माको पहिलो रचना 'अरमल' र दोस्रो अङ्ग्रेजी भाषामा लेखिएको 'हु विल मेक मी  टल' हो। यी दुवै रचनाहरू पाठशालाकालीन पत्रिकामा प्रकाशित भएको पाइन्छ। उनका विभिन्न रचनाहरू सिक्किम, दार्जीलिङ, आसाम तथा नेपालका विभिन्न  जिल्लाबाट प्रकाशित **नवज्योति**, **दियालो**, **शिखर**, **कनका**, **सिद्धि**, **स्रष्टा**, **माध्यम**, **दायित्व**, **अर्चना**, **स्थापना**, **ज्वार-भाटा**, **पूर्णिमा**, **बिन्दु** आदि पत्र-पत्रिकामा प्रकाशित भएको पाइन्छ। कथा, कविता, गीत, निबन्ध तथा नाटक आदि विभिन्न विधामा कलम चलाए तापनि विशेषतः कथा तथा निबन्धमा नै यिनको रुचि रहेको देखिन्छ। यिनका जम्मा सातवटा कृतिहरू प्रकाशित छन्।

१. सानुभाइ शर्माको प्रथम कथा सङ्ग्रह **ऊ हाँसेको दिन** (सन् १९७८)-को भूमिकामा समालोचक रामलाल अधिकारीले उनलाई सामाजिक यथार्थप्रति व्यङ्ग्य गर्ने सफल कथाकारका रूपमा चिनाएका छन्। सानुभाइ शर्मा भविष्यमा हास्यव्यङ्ग्य लेखनका ठूल्दाइ बन्नेछन् भनी अधिकारी विश्वस्त रहेको देखिन्छ।[१]

२. नेपाली साहित्यको परिप्रेक्ष्यमा हास्यव्यङ्ग्यको उत्कर्ष बोकेर आएका निबन्धकार सानभाइ शर्माको **'ऊ हाँसेको दिन'** पुस्तकको चर्चा गर्ने क्रममा घनश्याम नेपालले शर्माका कथाहरूले कतै आफ्ना समाजका जातिगत क्षुण्ण तत्त्वहरू माथि व्यङ्ग्यवाणको मुड्की बजारेको एवम् कतै ढोँगी साहित्यिक र प्रणय-प्रीतिको उरन्ठेउलो नखरा लिएर आएको वास्तविकताको प्रतिस्पर्धामा उभिएका जीवन भोगीहरूको खोइरो खनेको छ भनेका छन्।[२]

३. साहित्यको विविध विधामा सिक्किमका युवा लेखकहरूले साहित्य सृजना गरीरहेका छन् जसमा गिर्मी शेर्पा, केदार गुरुङ जस्ता सशक्त कविहरू छन् भने सानु लामा, सानुभाइ शर्मा जस्ता

[१] रामलाल अधिकारी, 'ऊ हाँसेको दिनमा (भूमिका)',  सानुभाइ शर्मा, सन् १९७८, **ऊ हाँसेको दिन**, अम्बिका प्रकाशन, नाम्ची
[२] घनश्याम नेपाल, 'पुस्तक परिचय', सन् ११७८, **शिखर**, गान्तोक वर्ष- ३, अङ्क-२, पृ-४३

कथाकारहरू छन् भन्दै सुवास दीपकले पहिलो पङ्क्तिका कथाकारका रूपमा शर्मालाई राखेका छन्।[३]

४. सुवास दीपकले सानुभाइ शर्मालाई व्यङ्ग्यकार र कथाकारका रूपमा चिनाएका छन् र **साक्षात्कार** पुस्तकमा उनको अन्तर्वार्ता छपाएका छन्।[४]

५. सानुभाइ शर्मा नेपाली हास्यव्यङ्ग्य विधामा अत्यन्त लोकप्रिय नाम हो। उनले दर्जनौं हास्यव्यङ्ग्य रचनाहरू लेखिसकेका छन् समाज र मानवीय विकार-विकृतिलाई लिएर हास्यका पुट भर्दै व्यङ्ग्य कस्नमा यिनी सफल देखिन्छन्।[५]

६. शर्मा सिक्किमका ख्यातिप्राप्त व्यङ्ग्यकार एवम् कथाकार हुन् र उनका रचनाहरूद्वारा सामाजिक विसङ्गतिको मर्मपूर्ण व्यङ्ग्यात्मक प्रस्तुति भएको पाइन्छ भनिएको छ।[६]

७. **स्रष्टा**-मा लेखकको परिचय दिने क्रममा चित्रसहित सानुभाइ शर्माको परिचय दिई उनका कृतिहरूको नाम पनि उल्लेख गरिएको छ। उक्त परिचयमा आकाशवाणीका विभिन्न केन्द्रहरूबाट उनका कथा वार्ता र रेडियो नाटकहरू प्रसारण भएका छन् भनी उल्लेख गरिएको छ।[७]

८. सानुभाइ शर्मा सिक्किमेली हास्य निबन्धका क्षेत्रमा विशिष्ट प्रतिभा हुन र उनका कथाहरू राम्रा छन्।[८]

९. **यात्रा संस्मरण**-को भूमिकामा सुवास दीपकले शर्मालाई स्व. अच्छा राई 'रसिक' पछि भारतीय नेपाली साहित्यमा प्रथम पङ्क्तिका व्यङ्ग्यकारका तहमा राखी उनको विशिष्ट शिल्प, शैलीको चर्चा गरेका छन्। भारतीय नेपाली व्यङ्ग्य साहित्य क्षेत्रमा उपर्युक्त कृतिलाई 'आधार शिविर' निर्माण गर्ने कृति मानेका छन्।[९]

---

[३] सुवास दीपक, 'सिक्किम : एक छोटो विवेचना', सन् १९७९, **हाम्रो ध्वनि**, गौहाटी, वर्ष-५, अङ्क -६/७, पृ १०

[४] सुवास दीपक, सन् १९८७, **साक्षात्कार**, निर्माण प्रकाशन, सिक्किम पृ ४७

[५] जस योञ्जन प्यासी, 'परिचय', सन् १९८८, **माध्यम**, गोर्खा जन पुस्तकालय, पृ ३१

[६] सन्तोष आले र प्रेमचन्द्र राई, 'परिचय', सन् १९९०, **गोरेटो**, सिक्किम, वर्ष ४, अङ्क ४, पृ ५८

[७] केदार गुरुङ र उपमान बस्नेत, 'परिचय', सन् १९९१, **स्रष्टा**, सिक्किम वर्ष १३, अङ्क ३०, पृ ६०३

[८] प्रा. शान्तिराज शर्मा, 'आधुनिक नेपाली साहित्य', सन् १९९७, **नेपाली साहित्यिक इतिहासको रूपरेखा**, नेपाली साहित्य प्रचार समिति, दार्जिलिङ, पृ ८६

[९] सुवास दीपक,'भूमिका', सानुभाइ शर्मा, सन् १९९४, **यात्रा संस्मरण**, दो. संस्करण, विचार प्रकाशन, गान्तोक

१०. **यात्रा संस्मरण**-को मुद्रणमा कतिपय भाषिक त्रुटि भएकाले यस सङ्ग्रहलाई आद्योपान्त पढेर नेपाली साहित्यका वरिष्ठ समालोचक डा. ईश्वर बरालले यसको पुनर्मुद्रण गर्ने सुझाउ दिएर यसको पुनर्मुद्रण भएको पाइन्छ।[१०]

११. राम अपतनले **यात्रा संस्मरण** कृतिमा 'केही उद्गार प्रेरणाका 'सधन्यवाद' शीर्षकमा शर्मालाई शुद्ध हास्यरसका स्रष्टा मानेको देखिन्छ।

१२. वरिष्ठ समालोचक एवम् अन्वेषक कमल दीक्षितले सानुभाइ शर्मालाई स्व. अच्छा राई 'रसिक' कै बाटामा हिँडने एक सजग हास्यव्यङ्ग्य लेखकका रूपमा स्वीकारेका छन्।[११]

१३. समालोचक गोकुल सिन्हाको हास्यव्यङ्ग्य लेखनका क्षेत्रमा 'यात्रा संस्मरण'-ले मरुभूमिमा मरुद्यानको कार्य गरेको प्रसङ्गलाई उल्लेखनीय मान्न सकिन्छ। उनले **यात्रा संस्मरण** शीर्षकले आरम्भमा नियात्रा संस्मरणको झल्को दिए तापनि यस भित्रका विषयवस्तु ठीक यसको विपरित रहेकाले यस कृतिले सबैलाई छक्याएको छ भन्दै 'व्यङ्ग्य ऋजु नभई बक्र नै हुन्छ'[१२] भनेका छन्।

१४. उदयचन्द्र वशिष्टले 'भालुलाई पुराण-एक दृष्टि' शीर्षकको भूमिकामा शर्मालाई नेपाली साहित्यका उदीयमान हास्यव्यङ्ग्यकारका रूपमा राखेका छन्। व्यक्तिपरक एवम् समाजपरक विषयवस्तुमा आधारित र उखान-तुक्काहरूका आडमा समाजमा व्याप्त कुरीति, कुसंस्कार र दुर्व्यवहार जस्ता विषयहरूलाई समेटेर अहङ्कारी व्यक्तिहरूप्रति प्रखर व्यङ्ग्य गरी सुधारको अपेक्षा राखेका छन्। उनले शर्मालाई उत्कृष्ट कोटीका व्यङ्ग्यकार मान्दै उखान-तुक्का एवम् झर्रा शब्दको प्रयोग तथा शब्द विन्यास परिपाटीलाई शर्माको वाक्चातुर्य मानेका छन्।[१३]

१५. सानुलामाले शर्मालाई आञ्चलिक, झर्रा एवम् हास्यव्यङ्ग्य क्षेत्रमा अब्बल कथाकार तथा निबन्धकारका रूपमा स्वीकारेका छन्। उनले मानिसका वैयक्तिक दुर्बलता एवम् जीवनको विश्रङ्खलतालाई हास्यव्यङ्ग्य शैलीमा प्रस्तुत गर्ने सबल लेखकका रूपमा शर्मालाई राखेको

---

[१०] पूर्णिमा शर्मा, समय- दिउँसो १२:३० , **अन्तर्वार्ता**, डी.पी.एच पथ, गान्तोक, पूर्व सिक्किम, मिति: १२ अगस्त २०१६

[११] कमल दीक्षित, 'केही उद्गार प्रेरणाका' सानुभाइ शर्मा, **यात्रा संस्मरण**, पूर्ववत्

[१२] गोकुल सिन्हा, 'केही उद्गार प्रेरणाका' सानुभाइ शर्मा, **यात्रा संस्मरण**, पूर्ववत्

[१३] उदयचन्द्र वशिष्ट 'भालुलाई पुराण- एक दृष्टि', सानुभाई शर्मा, सन् १९९४, **भालुलाई पुराण**, अम्बिका प्रकाशन, गान्तोक

देखिन्छ। लामाले **हाते चिट्ठी** सङ्ग्रहको भूमिकामा भारतीय नेपाली हास्यव्यङ्ग्य साहित्यको अभाव पूर्ण गर्ने व्यक्तित्वका रूपमा शर्मालाई राखेको पाइन्छ।[१४]

१६. समालोचक घनश्याम नेपालले सानुभाइ शर्मालाई आवश्यकता अनुसार गम्भीर र विवेचनशील हास्यव्यङ्ग्य लेखक मानेको पाइन्छ। पिँडाली र अर्यालका हास्यव्यङ्ग्यात्मक गद्य रचनाहरू विधागत स्वरूपका दृष्टिले निबन्ध र कथाका अवान्तर भूमिकामा रहेर झाँगिएको देखिन्छ भने शर्माका निबन्ध ग्रामीण परिवेशमा भिजेका समकालीन वास्तविकताप्रति वक्र आलोचना गर्दै निबन्धकै परिधिभित्र रहेका छन् भन्दै शर्माका निबन्ध पिँडाली, अर्याल र 'रसिक'-का तुलनामा अधिक निबन्धात्मक प्रतीत हुन्छन् भनेका छन्।[१५]

१७. साहित्यकार कृष्ण प्रधानले शर्मालाई आलङ्कारिक र प्रतीक-बिम्बयुक्त रचनाहरूको सृजना गर्ने व्यङ्ग्यवादी र व्यङ्ग्यविनोदी व्यक्तित्व मानेको पाइन्छ। शर्माको स्थान हास्यव्यङ्ग्य रचनाको यात्रामा शिखरतिर लम्केको छ भन्ने प्रधानको विचार उल्लेखनीय रहेको देखिन्छ।[१६]

१८. त्रिभुवन विश्वविद्यालयका शोधार्थी प्रदीप खनालले स्नातकोत्तर तहको लघु शोधप्रबन्धमा 'सानुभाइ शर्माको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकमा उनको व्यक्तित्व एवम् कृतित्वको सामाजिक, सांस्कृतिक तथा आर्थिक तहमा रही अध्ययन गरेका छन् भने उनका कृतिहरूमा प्रयुक्त हास्यव्यङ्ग्यको पनि छुटपुट चर्चा पनि भएको पाइन्छ।[१७]

१९. काठमाण्डौबाट प्रकाशित **भानु** पत्रिकामा सुवास दीपकले 'सानुभाइ शर्मा व्यक्तित्व एवं कृतित्व' शीर्षकको लेखमा सानुभाइ शर्मालाई गीतकारका रूपमा प्रस्तुत गरेका छन्।[१८]

२०. व्यङ्ग्यकारले समाजका प्रत्येक विद्रूपता तथा अन्याय अत्याचारप्रति विद्रोह गर्दै सुधारको अपेक्षा राखेको हुन्छ। यस कथनलाई सार्थक पार्दै सानुभाइ शर्माका रचनाहरू विषय वैविध्य, अभिनव

---

[१४] सानु लामा, 'भूमिका', सानुभाइ शर्मा, सन् १९९८, **हाते चिट्ठी**, क्वालिटी स्टोर्स, गान्तोक

[१५] घनश्याम नेपाल, 'हास्य व्यङ्ग्य लेखनमा सानुभाई शर्मा', सानुभाइ शर्मा, सन् २००८, **अवकाशको क्षण**, श्याम प्रकाशन, दार्जिलिङ

[१६] कृष्ण प्रधान, 'पूर्वपीठिका', सानुभाइ शर्मा, सन् २०१३, **पल्टने मीतबाबु**, अम्बिका प्रकाशन, गान्तोक

[१७] प्रदीप खनाल, वि.सं २०५६, **सानुभाइ शर्माको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन**, स्नातकोत्तर, लघु शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय काठमाण्डौ

[१८] सुवास दीपक, 'सानुभाइ शर्मा : व्यक्तित्व एवं कृतित्व', भवानी घिमिरे (सम्पा.), वि.सं २०६२, **भानु**, सिक्किम विशेषाङ्क, काठमाण्डौ, नेपाल, वर्ष ४२, अङ्क ८६

प्रयोग एवम् शक्तिसम्पन्न छन् भन्दै सुवास दीपकले 'सहज मनको सहज अभिव्यक्ति' शीर्षकमा अभिव्यक्त गरेका छन्।[१९]

२१. 'जीवन जति सरल उति राम्रो' शीर्षकमा बुलु मुकारूङले सानुभाइ शर्मालाई सरल व्यक्तित्व र हँसिलो व्यवहारका धनी मानेका छन्।[२०]

२२. दीपक तिवारी अनुसार सानुभाइ शर्माका कृतिहरूमा देशकालोत्पन्न सामाजिक विकृति-विसङ्गति, प्रशासनिक हेलचेक्र्याईँ, राजनीतिक दुर्बलता, दुर्गति र दुर्नीतिप्र ति तीखो व्यङ्ग्य प्रहार पाइन्छ। यसरी नै मानवीय आचरणमा पाइने दुर्बलता तथा धार्मिक-आर्थिक र सांस्कृतिक क्षेत्रका विकृतिहरूप्रति पनि उनका रचनाहरूले चोटिलो व्यङ्ग्यवाण गरेको पाइन्छ।[२१]

२३. समालोचक एवम् नाटककार लक्ष्मण श्रीमलले सानुभाइ शर्मालाई नाटककार चुनिलाल घिमिरे, ध्रुव लोहागण र थमन नौवाग कै समकक्षमा राखेका छन्।[२२]

सानुभाइ शर्माको जीवनी, व्यक्तित्व एवम् कृतित्वको केही मात्रामा चर्चा, समीक्षा, मूल्याङ्कन र विश्लेषण भए तापनि उनका कृतिहरूमा केन्द्रित भएर हास्यव्यङ्ग्यात्मक अध्ययन तथा अनुसन्धान आजपर्यन्त भएको पाइँदैन। तसर्थ सानुभाइ शर्माका गद्य रचनामा प्रयुक्त हास्यव्यङ्ग्यको अध्ययन हुने आवश्यकता बोध भएकाले यस विषयलाई चिन्तन मनन गरी शोधकार्य गर्ने निर्णय लिएको हो। सानुभाइ शर्माको हास्यव्यङ्ग्य रचनाहरूको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु नै यस शोधकार्यको अभिप्राप्ति रहेको छ।

## १.७ सामग्री सङ्कलन विधि र अनुसन्धान पद्धति

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधकार्यमा प्राथमिक एवम् द्वितीयक दुवै स्रोतबाट सङ्कलन गरिएका सामग्रीको प्रयोग गरिएको छ। विभिन्न विज्ञजनहरूका साथ भेट गरेर लिएका टिपोटहरू तथा सानुभाइ शर्माका व्यङ्ग्यकारिता सम्बन्धी

[१९] सुवास दीपक, 'सहज मनको सहज अभिव्यक्ति', सानुभाइ शर्मा, **अवकाशको क्षण**, पूर्ववत्

[२०] बुलु मुकारूङ, सन् १९९६ , **सिक्किम र सिक्किमका व्यक्तित्वहरू** ,प्रतापसिँह राई र नाछिरिङ साल्पा, शिलिछो प्रकाशन

[२१] दीपक तिवारी, सन् २०१६, **सिक्किमको नेपाली साहित्यिक इतिहास परम्परा स्वरूप र प्रवृत्ति**, श्रीमती रमा तिवारी, नाम्ची, पृ २४९

[२२] लक्ष्मण श्रीमल, 'सानुभाइ शर्माका लघु नाटकहरू', सानुभाइ शर्मा, सन् २०१८, **चिन्न नसकिएको मान्छे**, अम्बिका प्रकाशन, गान्तोक

तथ्य, सूचना र जानकारी उनका रचनामा पाइने व्यङ्ग्यको विश्लेषणका निम्ति प्रकाशित भूमिका लेख, समीक्षा लेख आदिलाई यहाँ प्राथमिक स्रोतका रूपमा राखिएको छ। यसै गरी अन्य अनुसन्धान कर्ताको अनुसन्धानबाट प्राप्त सामग्रीलाई द्वितीयक स्रोतका रूपमा राखिएको छ। यस अन्तर्गत व्यक्तिगत पत्र, दैन्दिनी, पूर्वकार्य, पुस्तक, लेख, शोधपत्र आदि पर्दछन्। तिनलाई पनि आधार सामग्रीका रूपमा समावेश गरी आवश्यकता अनुसार उपयोग गरिएको छ।

यी दुवैथरीका सामग्रीको सङ्कलन गर्दा यस शोधमा मुख्यतः पुस्तकालयीय सामग्री सङ्कलनविधिको र केही मात्रामा क्षेत्रीय सामग्री सङ्कलन विधिको पनि उपयोग गरिएको छ। यस शोधकार्यका पुस्तकालयीय सामग्री सङ्कलनका स्रोत उत्तर बङ्ग विश्वविद्यालयको पुस्तकालय, सिक्किम विश्वविद्यालयको पुस्तकालय, त्रिभुवन विश्वविद्यालयको पुस्तकालय, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको पुस्तकालय, बनारस हिन्दु विश्वविद्यालयको पुस्तकालय, नेपाली साहित्य परिषद, सिक्किमको पुस्तकालय तथा अन्य महत्त्वपूर्ण सार्वजनिक पुस्तकालयहरू रहेका छन्। शर्माको साहित्यिक व्यक्तित्व र निबन्धकारिताका बारेमा विषयविज्ञ स्रोत व्यक्तिबाट सामग्री सङ्कलन गर्दा यस शोधमा क्षेत्रीय सामग्री सङ्कलनविधिको उपयोग गरिएको छ।

### १.७.२ अनुसन्धान पद्धति

प्रस्तुत शोधप्रबन्धको आधार सानुभाइ शर्माका गद्य रचनामा हास्यव्यङ्ग्यको अध्ययन एवम् अनुसन्धान रहेको छ। यसको विधि निगमनात्मक अनि पद्धति विश्लेषणात्मक रहेको छ।

### १.८ सैद्धान्तिक ढाँचा र प्रस्तुति

व्यङ्ग्य सिद्धान्तका परिप्रेक्ष्यमा पूर्वीय-पाश्चात्य विभिन्न सैद्धान्तिक आधारहरूको अध्ययन गरी यस शोधकार्यका निम्ति उपयुक्त सैद्धान्तिक आधार निर्माण गरिएको छ। व्यङ्ग्य रचनाहरूको विवेचना गर्दै पूर्वीय सिद्धान्तका आधारमा वक्रोक्ति, ध्वनि एवम् रस सिद्धान्तलाई आधार बनाइएको छ भने मूलतः पाश्चात्य व्यङ्ग्यका रूपहरू आइरनी, विट, ह्यूमर, कमेडी, क्यारिकेचर, फार्स, सार्क्याजम, कार्टुन, ल्याम्पुन आदिलाई पनि आधार बनाइएको छ। व्यङ्ग्य विश्लेषणका क्रममा व्यङ्ग्यका विषयगत प्रवृत्ति अनुरूप सामाजिक, वैयक्तिक, धार्मिक, सांस्कृतिक, भाषिक, साहित्यिक, शैक्षिक, आधुनिक सभ्यता, राजनैतिक तथा प्रशासनिक क्षेत्रमा आधारित व्यङ्ग्यको वर्णन एवम् विश्लेषण गरिएको छ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्यमा मूलतः पुस्तकालयीय अध्ययनलाई प्राथमिकता दिइएको छ। भारत र नेपालका विभिन्न पुस्तकालयहरूमा सङ्ग्रहित सामग्री र साहित्य समालोचक तथा अन्वेषकहरूका उपलब्ध ग्रन्थ तथा फुटकर रचनाहरूलाई उपजीव्य बनाइएको छ। यसका अतिरिक्त सम्बन्धित विषयका ज्ञाता एवम् विषय विशेषज्ञहरूसँग छलफल तथा भेट गरी प्राप्त जानकारीहरूलाई पनि यस शोधकार्यमा यथास्थान प्रयोग गरिएको छ। शीर्षक, उपशीर्षक र अरू लेखन यथाविधि छन् भने पुस्तकका नाम मोटो अक्षरमा राखिएको छ अनि पाठका शीर्षक वा नाम उद्धरण चिन्हभित्र राखिएको छ। शोधप्रबन्धमा पाद टिप्पणी, फन्टको आकार,पङ्क्ति माझ ठाउँ छोड्ने अनि वर्ण विन्यास आदिका निम्ति **नेपाली लेखन शैली** (प्र. सन् २०११) र शब्द चयन र हिज्जेमा **प्रयोगात्मक नेपाली शब्दकोश** (प्र. वि.सं २०६१)-लाई आधार बनाइएको छ।

## १.१० शोधको आवश्यकता र औचित्य

भारतीय नेपाली साहित्यको फाँटमा साठीको दशकपछि देखापरेका सानुभाइ शर्माका प्रकाशित कृतिहरू **ऊ हाँसेको दिन**, **यात्रा संस्मरण**, **भालुलाई पुराण**, **हाते चिट्ठी**, **अवकाशको क्षण**, **पल्टने मीतबाबु** र **चिन्न नसकिएको मान्छे** हुन्। उनका कथा, निबन्ध र एकाङ्की नाटकहरूमा व्यङ्ग्यको पुट पाइन्छ। हास्यव्यङ्ग्यका सन्दर्भमा विभिन्न पत्र-पत्रिका एवम् समालोचनात्मक ग्रन्थमा समीक्षा, समालोचना प्रकाशित भए तापनि यस क्षेत्रमा गहन शोधकार्य हुन आवश्यक देखिन्छ। उनका रचनाहरूलाई लिएर एकाध समीक्षा, समालोचना भए तापनि हास्यव्यङ्ग्यकै सन्दर्भमा उनका कृतिहरूको विस्तृत एवम् शोधपरक अध्ययन भएको पाइँदैन। यसर्थ 'सानुभाइ शर्माका गद्य रचनामा व्यङ्ग्य चेतना' शीर्षक अन्तर्गत उनका विभिन्न कृतिमा प्रकाशित रचनाहरूलाई विषयवस्तु बनाएर अध्ययन गर्नु यस शोधकार्यको औचित्य रहेको छ।

## १.११ शोधको सीमा अनि क्षेत्र

प्रस्तुत शोध-प्रबन्धको शीर्षक 'सानुभाइ शर्माका गद्य रचनामा व्यङ्ग्य चेतना' रहेकाले यसमा पूर्वीय र पाश्चात्य धरातलमा हास्यव्यङ्ग्यको अर्थ, परिभाषा एवम् परम्परा प्रस्तुत गरिएको छ। सानुभाइ शर्माका

प्रकाशित कृतिहरूमा केन्द्रित रही उनका रचनाहरूमा प्रयुक्त हास्यव्यङ्ग्यको विश्लेषणात्मक अध्ययन गर्नु नै यस शोधकार्यको सीमा रहेको छ।

## १.१२ शोधकार्यको अध्याय विभाजन

प्रस्तावित शोधप्रबन्धलाई सुगठित एवम् व्यवस्थित तुल्याउन यसलाई निम्न अध्यायमा विभाजन गरिएको छ—

| | | |
|---|---|---|
| क) पहिलो अध्याय | : | शोध परिचय |
| ख) दोस्रो अध्याय | : | हास्यव्यङ्ग्यको सैद्धान्तिक आधार |
| ग) तेस्रो अध्याय | : | सानुभाइ शर्मा : व्यक्तित्व र कृतित्व |
| घ) चौथो अध्याय | : | सानुभाइ शर्माका गद्य रचनामा व्यङ्ग्य चेतनाको विश्लेषणात्मक अध्ययन |
| ङ) पाँचौ अध्याय | : | उपसंहार र निष्कर्ष |

## १.१३ भावी शोधार्थीलाई परामर्श

सानुभाइ शर्माका कृतिहरूमा शोधकार्य गर्न इच्छुक परवर्ती शोधार्थीहरूलाई निम्न विषयमा कार्य अवकाश रहेको देखिन्छ—

१. आञ्चलिक परिवेश विमर्शका आधारमा सानुभाइ शर्माका गद्य रचनाहरूको कृतिपरक अध्ययन।

२. सानुभाइ शर्माका गद्य रचनाको भाषिक अध्ययन।

३. सानुभाइ शर्मा र वासुदेव लुइँटेलका हास्यव्यङ्ग्य निबन्धको तुलनात्मक अध्ययन।